का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० असार २०७९,
बिहीबार
14 July 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक १५९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



**एम अधिकारी प्रकरण**

# गभर्नर अधिकारीमाथि नैतिक प्रश्न

**एमालेको पार्टी विभागमा रहेको भनी गभर्नर महाप्रसाद अधिकारीमाथि प्रश्न उठेको छ । तर, उनी मौन छन् । एमालेले पनि एम प्रसाद अधिकारी गर्भनर हो वा होइन प्रष्ट खुलाएको छैन् ।**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ असार ।

नेकपा एमालेले अर्थ तथा योजना विभागमा खोटाङका 'एम अधिकारी' सदस्यका रुपमा छन् । ती एम अधिकारी गभर्नर महाप्रसाद अधिकारी नै हो भनेर सामाजिक सञ्जालमा टिप्पणी भइरहेको छ । संसदमा पनि यस विषयमा प्रश्न उठेको छ तर, एम अधिकारी को हो भन्नेबारे एमाले मौन छ ।

एमाले मौन रहेपछि गर्भनरमाथि नै सरकारको नेतृत्वकर्ता दल कांग्रेसले प्रश्न उठाएको छ । बुधबार प्रतिनिधिसभामा विशेष समय लिएर कांग्रेसका तर्फबाट सांसद मिनबहादुर विश्वकर्माले भने, ' गर्भनरजस्तो जिम्मेवार व्यक्तिले कुनै एउटा पार्टीको सल्लाहाकार भएर नेपालको – बाँकी पृष्ठ २ मा



गभर्नर जस्तो जिम्मेवार व्यक्तिले कुनै एउटा पार्टीको सल्लाहाकार भएर नेपालको आर्थिक अवस्था जटिल बन्दैछ भनिरहेका छन् । यो जनतालाई आतंकित गराउने कार्य तत्काल बन्द गरिनुपर्छ ।

**मिनबहादुर विश्वकर्मा**
सांसद, नेपाली कांग्रेस



गभर्नर महाप्रसाद अधिकारी एमालेको अपानीमा रहेको भन्ने आएको छ । म राष्ट्र बैंकका गभर्नरमाथि छानबिन गर्न माग गर्छु ।

**रेखा शर्मा**
सांसद, नेकपा माओवादी केन्द्र

**उपसभामुखको निर्वाचन**

## आज उम्मेदवारी दर्ता

जसपा, लोकतान्त्रिक समाजवादी, कांग्रेस र एमालेबाट मात्रै उपसभामुखको उम्मेदवार हुन पाउँछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ असार ।

प्रतिनिधि सभाको उपसभामुख निर्वाचन अन्तर्गत आज बिहान ११ देखि १ बजेसम्म उम्मेदवारी दर्ताको समय तोकिएको छ । निर्वाचन पर्सि ३१ गते हुनेछ ।

सभामुख अग्निप्रसाद सापकोटाले शुक्रबार दिउँसो ३ बजेका लागि निर्वाचनको समय निर्धारण गरेका हुन् ।

संसद सचिवालयले सार्वजनिक गरेको निर्वाचन कार्यक्रमअनुसार आज उम्मेदवारहरूको सूची साढे १ बजे प्रकाशित हुनेछ छ । तत्कालीन उपसभामुख शिवमाया तुम्बाहम्फेले राजीनामा दिएपछि उपसभामुख पद झण्डै तीन वर्षदेखि रिक्त छ ।

उपसभामुखमा पाँच दलीय सत्ता गठबन्धनका तर्फबट नेपाली कांग्रेसकी सांसद पुष्पा भुसाल उम्मेदवार बन्ने तयारी छ । नेकपा एमालेले भने उम्मेदवारको टुंगो बुधबार बेलुकीसम्म लगाएको छैन् ।

उम्मेदवार चयन गर्ने विषयमा सत्ता गठबन्धनका नेताहरुबीच भने छलफल भएको छ । छलफलका आधारमा भुसाललाई उम्मेदवार बनाउने गरी गृहकार्य अगाडि बढाइएको छ । तर, कांग्रेसमा उपसभामुखका लागि भुसाल बाहेक डिला संग्रौला लगायतले पनि दाबी प्रस्तुत गर्दै आएका छन ।

भुसालले भने उपसभामुखभन्दा मन्त्रीका लागि चाहना राख्दै आएकी थिइन् । नेताहरुका अनुसार मन्त्री नभए प्रमुख सचेतक पाउनुपर्ने भुसालको दाबी थियो । तर, उपसभामुख संवैधानिक परिषदको सदस्य समेत रहने भएकाले भुसाललाई नै उपसभामुख बनाउनुपर्ने भनी प्रधानमन्त्री शेरबहादुर देउवाले नै प्रस्ताव राखेको कांग्रेसका नेताहरु बताउँछन् ।

सभामुख र उपसभामुख फरक दल र फरक लिंगको हुनुपर्ने संवैधानिक व्यवस्था छ । सभामुखमा माओवादी केन्द्रका तर्फबाट सांसद निर्वाचित – बाँकी पृष्ठ २ मा

## एकै वर्ष एक खर्ब १५ अर्ब बेरुजु

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ असार ।

संघ, प्रदेश र स्थानीय तहको बेरुजु एउटै आर्थिक वर्षमा एक खर्ब १५ अर्ब ५ करोड कायम भएको छ । महालेखा परीक्षकको ५९ औं वार्षिक प्रतिवेदनले लेखा परीक्षणबाट एकै वर्षमा १ खर्ब १५ अर्ब ५ करोड बेरुजु कायम भएको देखिएको हो । गत वर्षको बाँकी बेरुजु ४ खर्ब १८ अर्ब ८५ करोडलाई समायोजन तथा फर्स्यौट गरिएको अंक घटाई यो वर्ष थप भएको बेरुजु जोड्दा कुल बेरुजु चार खर्ब ८३ अर्ब ६० करोड पुगेको हो । तरपनि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्र प्रसाद बडु देशको आर्थिक अवस्था सुधारोन्मुख रहेको बताउँछन् ।

'अहिले मुलुकको आर्थिक अवस्थालाई सुधार्ने काम भइरहेको छ । यतिबेला सरकारले आफ्नो नीति र कार्यक्रम र बजेटमार्फत् पनि यही अहिलेको अवस्थालाई सुधार्ने र मुलुकको बढ्दो आयातलाई व्यवस्थापन गर्ने, सक्दो प्रतिस्थापन पनि गर्ने, निर्यातलाई प्रवर्द्धन गर्ने र विदेशी लगानी बढीभन्दा बढी आओस् भनेर भन्ने उद्देश्यले केही नीतिगत कार्यक्रमगत निर्णयहरू हामीले गरेका छौं । राष्ट्रिय उत्पादकहरू बढाउने र विशेष रूपले अभियानका रूपमा तयारीमा लागेका छौं । राष्ट्रिय उत्पादन र उपभोग बढाउन सक्यौं भने आयातलाई केही व्यवस्थापन गर्नसक्छौं' उनले भने । सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा पनि अर्थतन्त्रसुधार्ने र मुलुकको बढ्दो आयातलाई व्यवस्थापन गर्ने काममा सरकार लागेको हुँदा अर्थतन्त्र सुधार गर्न सकिने तर्क गरेका छन् ।

तर, वरिष्ठ अर्थविद् चन्द्रमणि अधिकारी भने ममहाले – बाँकी पृष्ठ २ मा




## मलेसिया जान साउदीमा अलपत्रको नाटक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार

वैदेशिक रोजगारीका लागि ८ महिनाअघि साउदी अरब गएका कैलालीका नरेन्द्रविक्रम साउद तोकिए अनुसारको काम र तलब नपाएका कारण समस्यामा परेकाले परिवारमार्फत वैदेशिक रोजगार विभागमा उद्धारको निवेदन दर्ता गराएर स्वदेश फर्के । उनी फर्केको केही दिनपछि कैलाली अत्तेरियाका नवीन चन्द पनि परिवारमार्फत सोही प्रकृतिको उजुरी विभागमा दर्ता गराएर आफुलाई पठाउने म्यानपावर कम्पनीबाट जहाज टिकट मगाएर स्वदेश फर्किए ।

साउदी अरबमा रहँदा केही कमाएको र आफुलाई स्वदेश फर्काए थप केही दाबी नगर्ने उनको शुरूको भनाइ थियो । तर म्यानपावर कम्पनीले भिसा रद्द गर्ने जरिवाना र जहाज टिकट पठाएर स्वदेश फर्काएका चन्द नेपाल आएपछि घर नै नगई क्षतिपूर्तिको मागसहित म्यानपावर कम्पनीविरूद्ध निवेदन दर्ता गराउन हतारहतार बुद्धनगरस्थित वैदेशिक रोजगार विभाग हानिए ।

चन्द वास्तविकरूपमा पीडित थिएनन् । उनी साउदी अरबको रोजगारीबाट जसरी पनि फर्किएर मलेसिया जान चाहन्थे । कम्पनीविरूद्ध विभिन्न बहाना बनाएर म्यानपावर कम्पनीलाई हतियार बनाएर उनी स्वदेश फर्किन सफल भए ।

पछिल्ला दिनमा साउद र चन्द जस्ता चलाख कामदारले परिवार तथा आफन्त प्रयोग गरी साउदी अरबबाट जसरी पनि झिकाइदिन विभागमा उजुरी हाल्ने गरेका छन् ।

परिवारका सदस्य, नेता वा मन्त्रीको फेरो समाएर विभागमा उजुरी दर्ता गराउने र वैदेशिक रोजगार ऐनको कडा कानून प्रावधान – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विभागमा सय नपुग्नेको ताँती

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले चालू आर्थिक वर्ष एक सय भन्दा कम कामदार वैदेशिक रोजगारमा पठाएका म्यानपावर कम्पनीको पनि नवीकरण निवेदन लिन शुरु गरेपछि व्यवसायी उत्साहित भई नवीकरणमा लागेका छन् ।

सय नपुगेका कम्पनीको पनि नवीकरण निवेदन लिने निर्णय भएको दोस्रो दिन बुधबार एक सय व्यवसायी नवीकरणका लागि विभाग पुगेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मंगलबार सयभन्दा कम कामदार पठाउने म्यानपावरहरुको नवीकरण निवेदन दर्ता गर्ने निर्णय गरेको हो ।

मंगलबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमल ढकाल र कार्यसमिति सदस्य प्रज्ञान न्यौपानेले मन्त्रालयका सचिव एकनारायण अर्यालसँग छलफल गरेपछि चालू आर्थिक वर्षमा सय जना – बाँकी पृष्ठ २ मा

**QATAR मा रोजगारको अवसर | कम्पनी : PREFERENCE CARE**
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/03/१४ चलानी नं.: ६०१८२००९ LT. No.: 266090

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse | 0 | 4 | स. काममा दक्ष | 4200 | १४५,४४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ५ गते (21 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

VMS
श्रम इजाजत नं. ९२६/०६७/०६८
**VASTU MANAGEMENT SERVICE PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, **Tel. : 01-4461217, 4461317, Mob.: 9808772723**
**E-mail :** info@vmsnepal.com, vmsnepal@gmail.com

**कुवेतमा रोजगारको अवसर | कम्पनी: THE BRIDGE GEN.TRADE.&CONT.CO.**
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०२/१० चलानी नं.: ६०१७९६९१ LT. No.:263317 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 90 | ३७,१०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Clerk | 5 | 0 | | 160 | ६५,९७२ | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 145 | ५९,७८७ | | | | | | | |
| 4. | Diesel Mechanic | 5 | 0 | | 140 | ५७,७२६ | | | | | | | |
| 5. | Dishwasher | 15 | 0 | | 90 | ३७,१०९ | | | | | | | |
| 6. | Heavy Vehicle Driver | 60 | 0 | | 170 | ७०,०९६ | | | | | | | |
| 7. | Room Attendant (Indoor) | 0 | 20 | | 95 | ३९,१७१ | | | | | | | |
| 8. | Storekeeper | 5 | 0 | | 130 | ५३,६०२ | | | | | | | |
| 9. | Technician | 10 | 0 | | 130 | ५३,६०२ | | | | | | | |
| 10. | Waiter | 15 | 0 | | 115 | ४७,४१७ | | | | | | | |
| 11. | Watchman (Indoor) | 20 | 0 | | 90 | ३७,१०९ | | | | | | | |

**American Army Base Camp Hiring In Kuwait Urgent**

**यसै कम्पनीको लागि** Draftsman, Hazadous Waste Specialist, Fitness Center, Lead, Health Systems Specialist, Heavy Equipment Mechanic (Recovery Vehicle Operator), ICE Plant Technician, Life guard, Lead, LMR Specialist, Quality AUditor II, Marketing Specialist, Marketing, Lead, Medical Courier (Motor Vehicle Operator), Pest Controller, Production Foreman (Ice Services), Quality Auditor, Service Desk, Lead, Tour Coordinator, Warrenty Coordinator, Waste Water System Operaor/ Repairman, Water Compliance Specialist, Water Compliance technical Monitor र Welder **को पनि माग भएकोले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालय सिनामंगल, काठमाडौंमा सम्पर्क गर्नुहोला ।**

**अन्तिम अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ५ गते (21 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
**Ajeets Management and Development Company Pvt. Ltd.**
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391
E-mail : nepalajeets@gmail.com/cvbridgekuwait@gmail.com

# अघि बढ्यो नागरिकता विधेयक



**काठमाडौं/मस**–सरकारले ल्याएको नागरिकता ऐन संशोधनसम्बन्धी विधेयक प्रतिनिधिसभाबाट अगाडि बढेको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा गृहमन्त्री बालकृष्ण खाणले 'नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९' पेस गरेका हुन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसद डा. भीमबहादुर रावल, शेरबहादुर तामाङ र नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले दर्ता गराएको विरोधको सूचनालाई प्रतिनिधिसभाको बहुमतले अस्वीकृत गरेपछि मन्त्री खाणले नागरिकता ऐन संशोधन विधेयक पेस गरेका हुन् ।

विधेयकको विरोध गर्नुपर्ने कारणबारे बोल्दै सांसद रावलले राज्य व्यवस्था समितिले तीन वर्ष छलफल गरेर प्रतिवेदन पेस गरिसकेको अवस्थामा उक्त विधेयक फिर्ता लिएर अर्को नयाँ विधेयक ल्याइनु समितिकै अवहेलना भएको दाबी गरे ।

अर्का सांसद तामाङले लैङ्गिक पहिचानसहित आमा वा बाबुका नामबाट नागरिकता प्राप्त गर्ने मर्म विपरीत विधेयक आएको भन्दै असहमति जनाए ।

उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधमाथि संक्षिप्त प्रतिक्रिया दिँदै गृहमन्त्री खाणले संविधानको प्रावधानबमोजिम नागरिकताविहीन नागरिकलाई नागरिकता सुनिश्चित गर्ने उद्देश्यले विधेयक ल्याइएको बताए ।

उनले पछिल्लो पटक नागरिकता विधेयक राज्य व्यवस्था तथा सुशासन समितिमा लामो छलफलपछि प्रतिवेदनसहित आएको र उक्त विधेकलाई अघि बढाउने तथा कानुन बनाएर सहमतिबाट पारित गर्ने वातावरण बनाउन प्रयत्न गरिए पनि त्यो नभएपछि विधेयक फिर्ता भएको स्पष्ट पारे ।

गृहमन्त्री खाणले नेपाली नागरिकता नपाएर नै असहज जीवन जिउन बाध्य भएका नागरिकलाई संविधानको प्रावधानबमोजिम नागरिकता प्रदान गर्न सरकारले विधेयक अघि बढाएको जानकारी दिए ।

'संविधानको मूल प्रावधानअनुरुप नै बाबुआमा नेपाली नागरिक भए पनि सन्तानलाई नागरिकता दिन सकिएन, त्यो सङ्ख्या लाखौँ रहेको छ, जसले उनीहरुको शिक्षा, दीक्षा र व्यवसायमा असर परिरहेको छ, त्यसैले विधेयकलाई चाडो पारित गरेर कानुन बनाएर कार्यान्वयनमा लैजाने वातावरण बनाउन सहयोग गर्न आग्रह गर्दछु' उनले भने ।

मन्त्री खाणले विधेयकलाई अगाडि बढाइसकेपछि दफाबार छलफल हुने भएकाले यसलाई परिस्कृत विधेयकका रुपमा अघि बढाइने विश्वास व्यक्त गरे ।

# एक सय ३३ जनालाई वरिष्ठ अधिवक्ताको उपाधि



**काठमाडौं/मस**-सर्वोच्च अदालतमा बुधबार बसेको पूर्ण बैठक (फूलकोर्ट) ले १३३ जना अधिवक्ताहरुलाई वरिष्ठ अधिवक्ताको उपाधि दिने निर्णय गरेको छ। कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की र सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशहरुको बैठकले नेपाल कानून व्यवसायी ऐन, २०५० को दफा २१ बमोजिम वरिष्ठ अधिवक्ताको उपाधि दिने निर्णय गरेको सर्वोच्च अदालतका प्रवक्ता विमल पौडलले जानकारी दिए ।

बैठकले २०४३ सालदेखि प्रमाणपत्र नम्बर (१५८२) देखि २०५१ साल प्रमाणपत्र नम्बर (५२०७)सम्मका कानून व्यवसायीहरुलाई वरिष्ठ अधिवक्ताको उपाधि दिएको छ । वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गर्नेहरुमा वर्तमान कानून न्याय तथा सङ्घीय मामिलामन्त्री गोविन्द शर्मा कोइराला (बन्दी), कानून, न्याय तथा संसदीय मामिलाका सभापित कृष्णभक्त पोखरेल, नेपाल बार एसोसिएनका पूर्व महासचिव सुनिलकुमार पोखरेल, महिलाको सम्पतिको हक स्थापित गर्नलगायत न्यायको क्षेत्रमा महत्वपूर्ण योगदान दिएकी मीरा ढुङ्गानालगायत छन् ।

नेपाल बार एशोसियसनले पटक पटक प्रधानन्यायाधीशसमक्ष वरिष्ठ अधिवक्ताको उपाधि दिने निर्णय गर्न ध्यानाकर्षण गराएको थियो । लामो समयपछि बुधबार सर्वोच्च अदालतको पूर्ण बैठकले उक्त निर्णय गरेको हो ।

# भृकुटीमण्डपमा आगलागी



**काठमाडौं/मस**- काठमाडौं महानगरपालिका-२९ भृकुटीमण्डपस्थित समाजकल्याण परिषद्को गोदाम घर र राष्ट्रिय अपाङ्ग कोषको कृत्रिम मानव अंग राखिएको गोदाम घरमा आगलागी भएको छ । आगो पाँच घण्टामा नियन्त्रणमा लिइएको थियो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार अपराह्न २:३० बजेको समयमा लागेको आगो साँझ ७:१५ बजे मात्रै पूर्ण नियन्त्रणमा लिइएको थियो। आगलागी नियन्त्रणका लागि काठमाडौं महानगरपालिकाबाट (जुद्ध बारुणयन्त्र) को एक, बौद्ध रामहिटीको एक, ललितपुर महानगरपालिकाको एक, भक्तपुर नगरपालिकाको एक, नेपाली सेनाको दुई, त्रिभुवन विमानस्थलको एक र नेपाल प्रहरीको वाटर क्याननसहित आठ वटा दमकल र ३० पानी ट्याङ्करको प्रयोग गरिएको प्रहरीले जनाएको छ ।

आगलागी नियन्त्रणमा जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी वरिष्ठ उपरीक्षकसहित सिंहदरबार, मालीगाउँ, नगर प्रहरी, ट्राफिक प्रहरी, विपद् व्यवस्थापन महाशाखाको टोलीसहित १२० प्रहरी परिचालन भएका थिए ।

यस्तै नेपाली सेनाबाट करिब १०० जना, सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन गण र सशस्त्र प्रहरी गुल्म बाघ भैरवबाट करिब ६० सुरक्षाकर्मीसमेत परिचालित भएको जनाइएको छ । काठमाडौं महानगरपालिकाबाट ३० नगर प्रहरी परिचालित भएका थिए। उक्त आगलागीबाट कुनै पनि मानवीय क्षति नभएको र करोडौँको भौतिक सम्पत्ति क्षति भएको प्रारम्भिक जानकारी प्राप्त भए पनि यकीन विवरण आइसकेको छैन । आगलागीका कारणसमेत नखुलेकाले अनुसन्धान जारी रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भरतबहादुर बोहराले जानकारी दिए ।

## रंगशाला स्तरोन्नतिमा अनियमितता

# मेयरसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस**- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको राजविराज नगरपालिकाका मेयर भीमराज यादवसहित ७ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेके छ ।

आर्थिक वर्ष २०७४/०७५ मा भएको राज रंगशालास्तरोन्नति कार्यमा अनियमितता गरेको भन्दै आयोगले मेयर यादवसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

यादवविरुद्ध मेयरको रुपमा नभई रंगशाला निर्माणको जिम्मा लिएको ठेकेदार कम्पनी न्यू गहिल कन्स्ट्रक्सनका सञ्चालकको रुपमा भ्रष्टाचार मुद्दा दायर भएको हो ।

जिल्ला खेलकुद विकास समिति र न्यू गहिल कन्स्ट्रक्सनबीच सम्झौता भएको निर्माण कार्यमा यादवले निर्धारित शर्त तथा मापदण्ड विपरीत कार्य गरी वा त्यस्तो कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी प्रमाणित वा स्वीकृत गराई २ लाख ६३ हजार ४ सय ६८ काम गरेको भन्दा बढी भुक्तानी लिएको देखिएको अख्तियारकले विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

न्यू गहिल कन्स्ट्रक्सन र सञ्चालक यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको भन्दै कन्स्ट्रक्सन र सञ्चालक यादवको हकमा २ लाख ६३ हजार ४६८ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार कैद एवं जरिवाना र बिगो जफत गर्न माग गरिएको छ ।

न्यू गहिल कन्स्ट्रक्सनका संचालक यादव ३० वैशाखमा भएको पालिका निर्वाचनमा जनता समाजवादी पार्टीको तर्फबाट मेयरमा निर्वाचित भएका छन् ।

यस्तै अख्तियारले रंगशालाको स्तरन्नोति काममा अनियमितता गरेको भन्दै उदय निर्माण सेवाका सञ्चालक उदय श्रेष्ठलाई १० लाख ६३ हजार ९६२, जिल्ला विकास समितितका तत्कालिन इन्जिनियर विकास श्रेष्ठविरुद्ध १३ लाख २७ हजार ४३०, जिल्ला खेलकुद विकास समिति, सप्तरीका तत्कालिन प्रमुख लक्ष्मण मण्डलबिरुद्ध ५ लाख ६९ हजार, ८१० बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सोही मुद्दामा जिल्ला खेलकुद विकास समितिका तत्कालिन कार्यालय प्रमुख महेन्द्रप्रसाद यादवविरुद्ध ७ लाख ५७ हजार ६२०, जिल्ला खेलकुद विकास समितिका तत्कालिन अध्यक्ष एजेट न्यासुरविरुद्ध १३ लाख २७ हजार ४३० र तत्कालिन उपाध्यक्ष धिरु बर्माविरुद्ध २ लाख बिगो कायम गरी मुद्दा दर्ता गरिएको अख्तियारले जनाएको छ।

बर्माले २ लाख पेश्की लिएर फछ्र्यौट गर्न नसकेको अख्तियारले जनाएको छ । उनलाई पेश्की दिने तत्कालिन अध्यक्ष न्यासुर र तत्कालिन कार्यालय प्रमुख लक्ष्मण मण्डलविरुद्ध पनि उक्त रकम बिगो कायम गरी असुल उपर गर्न माग गरिएको छ ।

# मालपोत कर्मचारीसहित १३ जनालाई कैद सजाय

**कर्णाली/मस**-जिल्ला अदालत सुर्खेतले धनीलाई थाहै नदिएर जग्गा खरिद-बिक्रीसम्बन्धी कार्यमा संलग्न १३ जनालाई कैद तथा जरिवानाको फसैला गरेको छ । न्यायाधीश डा.राजेन्द्रकुमार आचार्यको इजलासले कीर्ते तथा ठगी कसुरमा मालपोत कार्यालय सुर्खेतका छ कर्मचारीसहित १३ जनालाई कैद तथा जरिवाना तोकेको हो ।

वीरेन्द्रनगर नगरपालिका-६ का सौगात रावतले साबिक जर्बुटा-३ (क) कित्ता नं ३१११ रहेको छ कट्ठा क्षेत्रफलको आफ्नो जग्गा २०७७ असार ८ गते खरिद-बिक्री भएको पाएपछि अदालतमा मुद्दा दायर गरेका थिए। अदालतले यही असार २२ गते उक्त कार्यमा संलग्न १३ जनालाई दोषी ठहर गरे पनि सजाय निर्धारणसम्बन्धी फैसला सुनाएको थिएन । जिल्ला अदालतका सूचना अधिकारी उज्ज्वल रावलले मालपोत कार्यालयका नायब सुब्बा विश्वरुप सावद, खरिदार गणेश विक, कृष्णबहादुर थापा, दीपेन्द्र श्रेष्ठ, सुनिल राना र तीर्थराज महतारालाई एक वर्ष कैद तथा रु २० हजार जरिवानाको फैसला भएको जानकारी दिए । अदालतले कसुर प्रमाणित भएका वीरेन्द्रनगर-१२ का तत्कालीन कार्यवाहक वडाध्यक्ष रामकुमार दर्लामी र वडा सचिव उत्तम अधिकारीलाई नौ महिना कैद तथा रु १५ हजार जरिवाना तोकेको छ । अदालतका सूचना अधिकारी रावलका अनुसार वीरेन्द्रनगर-३ का सहवीर कार्कीलाई एक वर्ष कैद तथा रु २० हजार जरिवाना तोकिएको छ। उनी ज्येष्ठ नागरिक भएकाले ज्येष्ठ नागरिक अधिकार ऐनअन्तर्गत २५ प्रतिशत कैद तथा जरिवाना भुक्तान गर्नुपर्नेछ। कार्कीले फैसला अनुसारको सजाय भुक्तान गरिसकेका छन् ।

वीरेन्द्रनगर-६ का अमरसिं कटुवाललाई तीन महिना कैद तथा रु ३० हजार जरिवाना, वीरेन्द्रनगर-६ का सन्तोष ठाकुर, वीरेन्द्रनगर-५ का निर्मल पुरी, वीरेन्द्रनगर-२ का गणेश बुढा (गोरख) लाई ठगी कसुरमा दुई वर्ष तथा रु २५ हजार जरिवाना र कीर्ते कसुरमा थप एक वर्ष कैद तथा रु २५ हजार जरिवानाको फैसला सुनाएको हो ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०३/३०**
यस कार्यालयमा मिति २०७१/०५/२० मा दर्ता भएको **प्रा.लि.नं. १२६३१४** को **राजिव एण्ड रिसु सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### गभर्नर...

आर्थिक अवस्था जटिल बन्दैछ भनिरहेका छन् । यो जनतालाई आतंकित गराउने कार्य तत्काल बन्द गरिनुपर्छ ।'

सत्तारुढ नेकपा (माओवादी केन्द्र)ले त राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीमाथि छानबिन कै माग गरेको छ । एमालेको अपानीमा अर्थ विभागमा समावेश एम अधिकारी राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी भएको आशंका माओवादी केन्द्रका नेताहरुको छ । बुधबार संसदको बैठकमा माओवादी केन्द्रकी सांसद रेखा शर्माले भनिन्, 'राष्ट्र बैंकका गभर्नरमाथि छानबिन गर्न माग गर्छु।' माओवादी केन्द्रको विद्यार्थी संगठन अनेरास्ववियू क्रान्तिकारीले त गभर्नर अधिकारी दलीय जिम्मेवारीमा रहेको भन्दै उनलाई बर्खास्त गर्न माग गरेको छ ।

एम अधिकारी भन्ने व्यक्ति गभर्नर नै भएको दावी गर्दै अनेरास्ववियू क्रान्तिकारीले उनलाई बर्खास्त गर्न माग गरेको हो। 'उनले प्राप्त गरेको दलीय जिम्मेवारीले नेपाल राष्ट्र बैंक ऐन २०५८ को उल्लेखित दफाको उल्लंघन गरी कानुनको धज्जी उडाएको हुँदा उनलाई तुरुन्त बर्खास्त गर्न नेपाल सरकार समक्ष हामी जोडदार माग गर्दछौं' अध्यक्ष पञ्चा सिंहले विज्ञप्तिमा भनेकी छन् । तर, एमालेले भने एम अधिकारी भन्ने व्यक्ति गभर्नर नै हुन् वा होइनन् भन्नेबारे केही खुलाएको छैन ।

बरु एमाले स्थायी कमिटी सदस्य घनश्याम भूसालले सार्वजनिक पद धारण गरेका व्यक्तिहरु पार्टी कमिटीमा रहने व्यवस्था नभएको भनी बचाउ गरेका छन् । उनले एम अधिकारी महाप्रसाद अधिकारी हो वा होइन भन्ने प्रष्ट नभनी उनले सार्वजनिक पद धारण गरेका व्यक्तिहरु पार्टी कमिटीमा रहने व्यवस्था नभएको भनी बचाउ गरेका हुन् ।

उनले सामाजिक सञ्जाल फेसबुकमा थप लेखेका छन्, 'स्वयं गभर्नर महाप्रसाद अधिकारीले कुनै पार्टी राजनीतिमा आफ्नो संलग्नता नरहेको र उक्त व्यक्ति पनि आफू नभएको स्पष्ट पारिसक्नुभएको छ।'

### आज...

अग्निप्रसाद सापकोटा छन् । संवैधानिक व्यवस्था अनुसार उपसभामुखमा माओवादी केन्द्रबाट निर्वाचित सांसद दाबेदार हुन पाउँदैनन् । सभामुखमा पुरुष भएकाले उपसभामुखमा महिला मात्रै उम्मेदवार हुन पाउँछन् ।

गठबन्धनमा रहेको जनता समाजवादी पार्टीलाई उपसभामुख दिने विषयमा छलफल भएको छैन। राष्ट्रिय जनमोर्चाले उपसभामुख नबन्ने सार्वजनिक रुपमै बतायो । नेमकिपा र राप्रपामा महिला सांसद नभएकाले ती दलबाट उपसभामुख चुनिन पाउने अवस्था छैन ।

यस हिसाबले जसपा, लोकतान्त्रिक समाजवादी, कांग्रेस र एमालेबाट उपसभामुखको उम्मेदवार हुन पाउँछन् ।

लोकतान्त्रिक समाजवादीलाई उपसभामुख दिएर सत्तागठबन्धनमा ल्याउने प्रयास गरिएको भए पनि लोसपासँगको थप सहकार्यको विषय प्रष्ट गर्न नसकिएकाले आफैँले उपसभामुख राख्न खोजेको स्वमं कांग्रेस नेताहरु बताउँछन् ।

स्पष्ट बहुमत भएकाले सत्ता गठबन्धनले जसलाई उम्मेदवार बनाउँछ उही सभामुख चुनिनेछन् । निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभामा अहिले एमालेको ९८, कांग्रेस ६३, माओवादी केन्द्रको ४९, एकीकृत समाजवादी २३, जनता समाजवादी २१, लोसपा १३ र अन्य साना दल र स्वतन्त्रसमेत गरी ४ जना सांसद छन् ।

### एकै...

खाले सार्वजनिक गरेको बेरुजुको रकमले अर्थतन्त्र गिरावटको संकेत गरेको बताउँछन् । अघिल्ला वर्षहरुमा जस्तै यो वर्ष पनि सरकारको बेरुजु रकम घटेको छैन, सरकार अझै पनि मितब्ययी बन्न नसकेको अवस्थामा अर्थतन्त्र सुधार हुन्छ भन्नेमा कसरी आशावादी हुने ? उनले प्रश्न गरे । साथै नेपालको अर्थतथन्त्र कोरोनाको प्रभावले थप खँस्कदो स्थितीमा पुगेकाले सुधारको प्रयास नभए संकट उत्पन्न हुने उनको भनाई छ ।

महालेखाले यो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थाहरू समेतको ७५ खर्ब ३३ अर्ब ९ करोडको लेखा परीक्षण सम्पन्न गरी प्रतिवेदन सार्वजनिक गरेको हो । त्यस्तै, कारबाही गरी टुंगो लगाउनुपर्ने रकम समेत गरेर ८ खर्ब २९ अर्ब १५ करोड पुगेको छ । सरकारी संयन्त्रमा बढ्दौं भ्रष्टाचार र ढिलासुस्तीले अर्थतन्त्रमा थप गिरावट आउने र वर्षेनी बेरुजु रकम बढ्ने क्रममा छ ।

### मलेसिया...

समाएर म्यानपावर कम्पनीलाई अनुचित दबाब दिने गरिएको विभागमा खटिएका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधि कर्ण कटुवाल बताउँछन्। उनले भने, 'विभागले पनि बास्तविकता बुझ्न छोडेर कामदारले समस्या नपरी उजुरी गर्दैन, विदेशमा अलपत्र पर्न दिनु हुँदैन भन्दै चलाख कामदारप्रति नरम दृष्टिकोण राख्दा साउदी अरबबाट बिना समस्या बहानाबाजी गरेर फर्किने कामदारको संख्या ह्वात्तै बढेको छ ।'

मलेसियामा गत मे महिनादेखि कामदारको न्यूनतम तलब १५ सय रिँगेट भएको छ । व्यवसायी कटुवालले भने, 'साउदी अरबको रोजगारी छाडेर मलेसिया जान दु:ख पाएको बहाना बनाएर काठमाडौंलाई ट्रान्जिट बनाउने कामदारको संख्या र क्रम दुबै बढेको छ। म्यानपावर कम्पनीमाथि बिना कारण दबाब थपिएको छ ।'

केही दिनअघि साउदी अरेबियाको अल बदर इन्टरनेशनल अपरेसन एण्ड मेन्टिनेन्स कम्पनीबाट तलब सुविधा नपाई समस्यामा परेको बताएर फर्केका केही कामदारले क्षतिपूर्ति नदिएको भन्दै केही युट्युबर प्रयोग गरेर काठमाडौंको महाराजगञ्जस्थित नासा ह्युमन रिसोर्स प्रा.लि.मा आक्रमण गरेका थिए । उक्त प्रा.लि.का सञ्चालक युवराज गुरूङले अकामा बापत ७ हजार रियाल र एक जनाको हवाई टिकटका लागि ३७ हजार ५ सय रूपैयाँ खर्च गरेका थिए ।

संघ प्रतिनिधि कटुवालले पनि करार अगाडि कामदार फिर्ता गर्दा अकमा तथा अन्य शुल्कहरू नेपाली म्यानपावर कम्पनीहरू तिर्न बाध्य हुने गरेको बताए । उनले भने, 'तिरेन भने विभागले काम रोक्ने गर्छ, काम राकिएपछि अन्य कामदार पठाउन नपाउने र रोजगारदाता कम्पनीसँग सम्बन्ध बिग्रिने भएकाले जसरी पनि सेटल गर्नु व्यवसायीको बाध्यता छ । व्यवसायी पनि अन्यायमा नपरून भनेर विभागले संरक्षण दिन चाहेको देखिँदैन ।'

### विभागमा...

कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको पनि नवीकरणका लागि निवेदन दर्ता गर्न मन्त्रालयले वैदेशिक रोजगार विभागलाई निर्देशन दिएको थियो।

श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले कानून मन्त्रालयको राय लिएर सबै म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्ने निर्णय गरी बाधा अड्काउ आदेश जारी गर्ने व्यवस्था गर्न गत हप्ता नै मन्त्रिपरिषदमा प्रस्ताव पठाएका छन् ।

आगामी बिहीबार बस्ने मन्त्रिपरिषद्को बैठकले त्यस विषयमा निर्णय गर्ने अपेक्षा गरिएको छ । सय जना पठाउन नपाएका म्यानपावर कम्पनीको इजाजत नवीकरण भने मन्त्रिपरिषद्को बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने निर्णयपछि मात्र हुने छ ।

**ऐसेलुखर्क गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ऐसेलुखर्क, खोटाङ**
**१ नं. प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०७९/०३/३०**

यस कार्यालयको तपसिलमा उल्लेखित खरिद कार्यको लागि मिति २०७९/०३/१३ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित प्राविधिक प्रस्ताव स्वीकृति गर्ने आशयको सार्वजनिक सूचना बमोजिम सफल बोलपत्रदाताको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७९ बमोजिमको प्रक्रियाबाट आर्थिक प्रस्ताव खोलि ऐन को दफा २५ र नियमावलीको ६१,६४ र ६५ बमोजिम आर्थिक प्रस्ताव मूल्यांकन गरी न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको आर्थिक प्रस्ताव स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | योजनाको विवरण | स्वीकृत हुने फर्मको नाम | बोल कबोल अंक (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | ARM-KHO-07/ 2078-079 | Construction of 15 Bed Hospital Building at Aiselukharka, Khotang | Shyam Sundar-Gorkha-Tuwachung J.V. | १७,०९,३७,९३२.८३ |

**प्रमुख प्रशासकीय अधिकृत**

# बढ्न थाल्यो कोरोना संक्रमणदर



## २८ पुगे हैजाका बिरामी

काठमाडौं उपत्यकामा थप एक जनामा हैजा भेटिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चुमनलाल दासले थप एक हैजाको बिरामी भेटिएको बताए ।

उनका अनुसार भक्तपुर स्थित बालकोटमा एक जनामा हैजा भेटिएको हो ।। अहिलेसम्म हैजाका बिरामी २८ पुगेको छ ।

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २९ असार

नेपालमा केहि दिनयता कोरोना संक्रमणदर बढ्न थालेको छ । बुधबार एकै दिन २०० बढी संक्रमित फेला परेका छन् । स्वाथ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार तीन हजार बढी नमूना परीक्षण गर्दा २०६ जनामा संक्रमण पुष्टि भएको छ । बुधबार दुई हजार ८२ नमूनाको पिसिआर विधिबाट परीक्षण गर्दा १७७ र एक हजार ९३ नमूनाको एन्टीजेन विधिबाट परीक्षण गर्दा २९ गरी कुल २०६ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिए । यससँगै सक्रिय संक्रमितको संख्या एक हजार ५ पुगेको छ ।

बुधबार उपत्यकामा १२५ जनामा संक्रमण पुष्टि भएको छ । काठमाडौंमा १००, ललितपुरमा १८ र भक्तपुरमा ७ संक्रमित भेटिएका छन् । काठमाडौं उपत्यकामा मात्रै सक्रिय संक्रमितको संख्या ६९४ छ । होम आइसोलेनमा ९८४ र संस्थागत आइसोलेनमा २१ छन् । सोमध्ये १२ जना आइसियू र एक जनाको भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।

बुधबार ५४ जना कोरोना संक्रमण मुक्त भएका छन् । हालसम्म ११ लाख २१ हजार ५०७ संक्रमण पुष्टि भइसकेको छ । पछिल्लो २४ घन्टामा ६३ हजार ३७८ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

अहिले विश्वभर कोरोना भाइरसको 'बिए-५' भेरियन्ट फैलिएको जनाउँदै उनले संक्रमणबाट बच्न जनस्वास्थ्यको मापदण्ड पालना गर्न आग्रह गरे ।

# कतारमा पीडित म्याग्देलीको मोना कतारद्वारा उद्धार

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, २९ असार



कतारमा रहेका म्याग्देलीहरुको साझा संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले एक पीडितको कतारबाट उद्धार गरेको छ ।

वैदेशिक रोजगारीका क्रममा एक वर्षदेखि कतारमा रहे पनि विविध समस्यामा परी नेपाल फर्कन असमर्थ एक म्याग्देलीलाई संघले उद्धार गरी नेपाल पठाएको हो ।

जिल्लाको मालिका गाउँपालिका सिस्नेरीका हस्तबहादुर सुनार अवैधानिकरूपमा कतारमा रहेको जानकारी पाएपछि संस्थागत रूपमा उनको उद्धार गरिएको मोना कतारका अध्यक्ष नरेन्द्र फागामीले बताए । नेपालबाट श्रम सम्झौता गरेर आएको कम्पनी छोडेर अवैधानिक रूपमा काम गर्दै आएका सुनार बिरामी परेपछि थप समस्यामा परेको फगामीले मध्यान्हलाई जानकारी दिए । संस्थागतरूपमा टिकट व्यवस्थापन र काउन्सेलिङ गर्दै कतार एयरवेजमार्फत मंगलबार राति उनलाई नेपाल पठाइएको मोना कतारले जनाएको छ ।

सन् २००३ मा स्थापना भएको सामाजिक संस्था मोना कतारले जिल्ला तथा कतारमा समस्यामा परेका हरेकलाई आवश्यक सहयोग गर्ने गरेको छ ।

# महाबु गाउँपालिकाद्वारा आगामी आर्थिक वर्षको बजेट पारित

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २९ असार



दैलेखको महाबु गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐन, नीति तथा कार्यक्रम अनुमोदनसहित वार्षिक बजेट समेत पारित गरेको छ । विभिन्न ऐनहरु पारित गर्दै मंगलबार गाउँपालिकाकी उपाध्यक्ष मञ्जु कुमारी शर्मा पाण्डेले नीति तथा कार्यक्रम प्रस्तुत गरेकी हुन् ।

गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, भैतिक पूर्वाधारलाई प्राथमिकतामा राख्दै चालुतर्फ ४३ करोड ७८ लाख ६३ हजार ९ सय८१ कुल बजेट विनियोजन भएको गाँउपालिकाकी उपाध्यक्ष पाण्डे बताइन् । उनले बजेटमा शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार निर्माणका कार्यक्रम प्राथमिकतामा रहको जानकारी दिइन् । यस्तै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोलाराम पंगालीले गाउँपालिकाले सधैं जनताका माग र आवश्यकतालाई प्राथमिकतामा राखेर काम गरेको बताए ।

उनले आगमी आर्थिक वर्षमा गाउँपालिका पर्यटन, कृषि, पूर्वाधार, स्वास्थ्य, शिक्षा र रोजगारी सिर्जनालाई प्राथमिकता दिई बजेट निर्माण गरिएको जानकारी दिए । कार्यक्रममा कर्मचारीहरु, वडा अध्यक्षहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# बरहथवा नगरको विकासका लागि सर्वपक्षीय बैठक

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २९ असार



जिल्लाकै सबैभन्दा बढी १८ वटा वडा रहेको बरहथवा नगरपालिकाको विकासका लागि नगर प्रमुख कल्पना कुमारी कटुवालको अध्यक्षतामा बुधबार नगरपालिकाको सभा हलमा सर्वदलीय बैठक बसेको छ ।

विभिन्न दलका प्रतिनिधि, शिक्षक, स्वास्थ्यकर्मी र समाजसेवीहरुको उपस्थिति रहेको बैठकलाई सम्बोधन गर्दै मेयर कटुवालले बरहथवा नगर विकासकालागी आआफ्नो सल्लाह, सुझाव र प्रतिक्रिया दिन उपस्थित सम्पूर्णलाई अनुरोध गरिन् । बैठकमा बोल्दै श्री जनता मावि बरहथवा -११ हिरापुरका प्रधानाध्यापक प्रमोद कुमार झाले न्युक्ति प्र.अ.को भएपनि काम चाहि गोठालोको गरिरहनु परेको गुनासो गरे । उनले १२ सम्म कक्षा संचालन भइरहेको आफ्नो विद्यालयमा जम्मा १ हजार चार सय जना विद्यार्थी रहेको तर शिक्षक भने ७ जना मात्र रहेको बताए । 'नेपाल सरकारको नियम अनुसार ५० जना विद्यार्थीमा एक जना शिक्षक राख्ने नियम छ, नगरपालिकाले यो नियम कहिले लागू गर्ने,' उनले प्रश्न गरे ।

त्यस्तै श्री सरस्वती मा.वि. बरहथवा-३ हजरिया का प्रधानाध्यापक भरत महतोले व्यापारी बने पनि, राजनीतिज्ञ बने पनि आउने बाटो भनेको शिक्षा नै रहेको बताए । यदि त्यही शिक्षा दिने थलो सुव्यवस्थित भएन भने उत्पादन कस्तो हुन्छ त्यो सबैले अनुमान गर्न सकिने बताउ ।

उनले भने, 'बरहथवा नगरको शिक्षालाई सुव्यवस्थित बनाउन विद्यार्थी संख्याको हिसाबले शिक्षक राख्नै पर्छ, हरेक विद्यालयमा एकजना नर्स राख्ने सरकारले घोषणा गरेको छ, नगरपालिकाले पनि गर्नुपर्ने आवश्यकता छ र एउटै विद्यायमा प्र.अ. होस् या शिक्षक होस् २०औं वर्षदेखि काम गर्दै आएको अवस्था छ । त्यसैले प्रत्येक तीन वर्षपछि आफ्नै नगरपालिकामा बदली गऱ्यो भने बरहथवा नगरपालिकाले शिक्षा क्षेत्रमा फड्को मर्ने छ ।' त्यस्तै नेकपा माओवादी केन्द्रका नेता रामबाबु प्रसाद सिंह, नेतृ रिता कुँवर, स्थानीय राम लोभीत सिंह लगायत विभिन्न पार्टीका प्रतिनिधि र समाजसेवीहरुले बरहथवा नगरको विकासका लागि आफ्नो सल्लाह, सुझाव र प्रतिक्रिया नवनिर्वाचित मेयर कटुवाललाई दिए ।

बैठकको अन्त्यमा मेयर कल्पना कटुवालले सबैको सल्लाह, सुझाव र प्रतिक्रियालाई ध्यानमा राखी काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै बैठक सम्पन्न भएको घोषणा गरिन् ।

# मिर्मिरे लघुवित्तद्वारा अछाममा विविध कार्यक्रम सम्पन्न

**अछाम/मस-** मिर्मिरे लघुवित्त वित्तीय संस्थाको सुदूरपश्चिम प्रदेश अन्तर्गत अछाम जिल्लास्थित शाखा कार्यालय चौरपाटीमा संस्थामा आवद्ध सेवाग्राही महिला सदस्यहरुको सशक्तिकरण, वित्तीय साक्षरता एवं नेतृत्व क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सम्पन्न भएको छ ।



यही असार २५ देखि २६ गतेसम्म चौरपाटी गाउँपालिका वडा नं १ सिउडीमा र २७ देखि २८ गतेसम्म चौरपाटी गाउँपालिका वडा नं ४ पायलमा शाखा कार्यालय चौरपाटी अछामद्वारा केन्द्र प्रमुख, उपप्रमुख लगायत समूह पदाधिकारीहरुको सहभागितामा नेतृत्व विकास तथा समूह व्यवस्थापन तालिम सम्पन्न भएको हो ।

शाखा कार्यालय चौरपाटीका शाखा प्रमुख कटकबहादुर शाहको संयोजकत्वमा भएको उक्त कार्यक्रम सिउडीमा चौरपाटी गाउँपालिका वडा नं १ का वडाअध्यक्ष वीर बहादुर थापा र पायलमा वडा नं ४ का वडा अध्यक्ष लालबहादुर धामीको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा विभिन्न केन्द्रका प्रमुख, उप प्रमुख, समूह अध्यक्ष लगायत सदस्यहरूको उपस्थिति रहेको थियो । सो कार्यक्रममा प्रमुख अतिथि थापाले महिला दिदीबहिनीहरु उद्यमशील बन्न र आत्मनिर्भर बन्न वित्तीय पहुँच बलियो हुनुपर्ने र गरिबी न्यूनीकरण, विपन्न वर्गका महिलाहरूको आयस्तर वृद्धि गर्न तथा नेतृत्व विकास गर्न संस्थाले अहम भूमिका खेलिरहेको भन्दै धन्यवाद ज्ञापन गरे ।

त्यस्तै वडा नं ४ का वडा अध्यक्ष लालबहादुर धामीले मिर्मिरेले यस क्षेत्रका महिलाहरूलाई उद्यमशील बन्न प्रेरणा दिएको र सरल तरिकाले बचत तथा कर्जाको सेवा प्रवाह गरेको भन्दै वित्तीय संस्थाप्रति आभार व्यक्त गरे ।

कार्यक्रममा चौरपाटी शाखाका प्रमुख शाहले संस्थाले विभिन्न समयमा कर्जा तथा बचत कारोबारसँगै विविध सामाजिक उत्तरदायित्वका कार्यक्रम, वित्तीय साक्षरता कार्यक्रम, सीपमुलक तालिम आयोजना गर्दै जाने र एक घर एक मिर्मिरे सदस्य अभियान सञ्चालनमा ल्याउने बताए ।

प्रमुख शाहले सेवाग्राहीको विभिन्न दुःख, कष्ट र विपत्तिमा मिर्मिरे सदैव सदस्यहरूसँगै रहँदै आएको र भविष्यमा पनि सदस्यलाई आवश्यक लघुवित्तीय सेवा प्रवाह गर्दै जाने बताए । कार्यक्रममा प्रशिक्षक लोग बहादुर परियारले सहभागीहरुलाई नेतृत्व विकाससम्बन्धी प्रशिक्षण गरेका थिए ।

कार्यक्रममा पायल र सिउडी टोलका सबै केन्द्रका केन्द्र प्रमुख र उपप्रमुख तथा समूह पदाधिकारीहरु गरी करिब १२० जनाको उपस्थिति रहेको थियो । सहभागीहरूले संस्थाले नेतृत्व विकाससम्बन्धी तालिम दिएकोमा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत संस्थाले यस्तै कार्यक्रम गर्ने अपेक्षा राखेको बताए । उक्त कार्यक्रमको सञ्चालन कर्मचारी कृति साउदले गरेकी थिइन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०३/३०**

यस कार्यालयमा मिति २०७१/०८/२५मा दर्ता भएको **प्रा.लि.नं. १२९४३६** को **मन्ता इन्टेरियर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/१०/०६ मा दर्ता भएको **प्रा.लि. नं. १६२०९४** को **न्यू किशन ईन्टरनेशनल नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Provincial Government**
**Provincial No-1**
**Ministry Of Water Supply, Irrigation & Energy Resource**
**Water Supply and Sanitation Division Office**
**Panchthar, Phidim**

**Notice 0f Intent to Award the Contract**

**Date of Publication: 14 July 2022 (2079/3/30)**

As per the notice of Invitation of Bid (Contract No: WSSDO/Panchthar/NCB-03/Work/78/79 as Published On May 31th 2022 A.D (2079/02/17) in "Himalayan Times " Rastriya Dainik and Nepal Government Procurement System's portal **www.bolpatra.gov.np/egp**, Water Supply and Sanitation Division Office, Panchthar, Phidim the employer intend to award the contract as listed below. This notic is as per Clause No 27 of Public Procurement Act 2063 and Instruction to Bidder Clause No 46.1. Following this deadline, the employer will go on recognizing the bids eligible to be approved.

| S. N | Contract No | Details of Work | Lowest Evaluated Substanitally Responsive Bidder | Evaluated Bid Amount NRs. (Inclusive of 13% Vat & PS) |
|---|---|---|---|---|
| 1 | WSSDO/ Panchthar/ NCB-03/Work/ 78/79 | Construction of Works On Lumphabung Nawamidanda Water Supply Project (Additional-II) | M/S Three Laxmi Construction | **14,704,762.75** <br> **In Words:** One Core Forty Seven Lakh Four Thousand Seven Hundred Sixty Two Rupees and Seventy Five Paisa Only. |

**Division Chief**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि. (ई.प.नं. ७८३/०६५/०६६)**को **मोरङ जिल्ला उर्लावारीमा** रहेको शाखा कार्यालयको साविकको ठेगाना परिवर्तन गरि **झापा जिल्ला दमक न.पा. वडा नं. ०८** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**बीमालेख हराएको सूचना**

यस कम्पनीबाट जारी भएको तपशिल बमोजिमको बीमालेख चावहिल देखि जोरपाटीसम्म जाँदा हराएको हुनाले, सो बीमालेख उपर कसैको हकदाबी भए स-प्रमाण कम्पनीको प्रधान कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ । अन्यथा बीमा ऐन बमोजिम भईजाने व्यहोरा जानकारी गराईन्छ ।

**नामः सिम्रन अधिकारी**
**बीमालेख नं.: ११९००१०७९**
**सम्पर्क नं.: ९८५१०२४२०४**

**नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**शाखा कार्यालय, चावहिल, काठमाडौं**

**कम्पनी गाभ्ने/गाभिने सम्बन्धी सूचना**
**प्रकाशित मितिः २०७९/०३/३०**

**टाईम्स मोटर्स प्रा.लि. (प्रा.लि. नं. २०७००९)** को मिति २०७९/०३/१२ को विशेष साधारण सभाद्वारा पारित विशेष प्रस्ताब र **टाईम्स कम्युनिकशन नेटवर्क प्रा.लि. (प्रा.लि. नं. २६३५१६)** को मिति २०७९/०३/१२ मा सम्पन्न विशेष साधारण सभाद्वारा पारित विशेष प्रस्ताब बमोजिम **टाईम्स मोटर्स प्रा.लि.**मा गाभ्ने निर्णय भएको र गाभिने कम्पनीहरुको सम्पूर्ण सम्पति र दायित्व गाभ्ने कम्पनीले व्यहोर्ने सकार्ने गरी **टाईम्स कम्युनिकशन नेटवर्क प्रा.लि.**लाई **टाईम्स मोटर्स प्रा.लि.**मा गाभी नयाँ नाम **टाईम्स बिजनेश प्रा.लि.** हुने गरि नेपाल सरकार कम्पनी रजिष्टारको कार्यालयको च.नं. १०५५४९ मिति २०७९/०३/२८को पत्रबाट अनुमति स्वीकृति प्राप्त भएको अब उप्रान्त दुबै कम्पनीको एकीकृत कारोबार का.म.न.पा., वडा नं.१४ स्थित **टाईम्स बिजनेश प्रा.लि.**को कार्यालयबाट हुने व्यहोराको जानकारी यसै सूचनाबाट गरिन्छ ।

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक-झापा**
**१ नं. प्रदेश, नेपाल**

DAMAK MUNICIPALITY

**कृषि तथा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने (पशुहाट) कर संकलन ठेक्का आव्हानको सूचना**

**(तेस्रो पटक प्रकाशित मिति २०७९/०३/३०)**

दमक नगरपालिकाको आ.व. २०७९/०८० का लागि आन्तरिक आय कृषि तथा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने (पशुहाट) कर संकलनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले सम्वन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरु उल्लेख गरी पून तेस्रो पटकका लागि सूचना प्रकाशित गरीएको छ । पशुहाट कर संकलन ठेक्का लिन चाहने कम्पनी/फर्महरुले बोलपत्र सूचनामा उल्लेखित सेवा शर्तका वन्देजमा रही बिद्युतीय माध्यम (ई–बिड)बाट बोलपत्र पेश गर्न यो सूचना प्रकासित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | बिवरण | न्यूनतम ठेक्का अंक १३% भ्याट सहित | धरौटी | बोलपत्र दस्तुर रु. | बोलपत्र फारम दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | DAMAK/JHAPA/ PSH/080/078/079 | (कृषि तथा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने) पशुहाट कर संकलन | रु.१,६१,७०,०००।- | ५% | ३०००।– | २०७९/४/५ गते दिउँसो १२:०० बजे सम्म |

**नोटः** विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नु होला ।

मध्यान्ह
www.madhyanhadaily.com
३० असार २०७९, बिहीबार
14 July 2022, Thursday

सम्पादकीय

## नैतिकताको खडेरी

गभर्नर महाप्रसाद अधिकारीमाथि फेरि अर्को प्रश्न उठेको छ । सर्वोच्च अदालतले पद थमौती गरेपछि गभर्नर अधिकारी राष्ट्र बैंक फर्किएका थिए । सरकारले स्पष्टिकरण सोधेपछि गनर्भर स्वतः निलम्बनमा परेका थिए । त्यसबेला गभर्नर अधिकारीलाई नभएर तत्कालीन अर्थमन्त्री जनार्दन शर्मामाथि दबाव सिर्जना भएको थियो । शर्माले निहीत स्वार्थका निम्ति गभर्नर अधिकारीलाई निलम्बन गर्ने कदम अगाडि बढाएको टिप्पणी भएको थियो । त्यो सरकारको निर्णयविरूद्ध परेको रिटमा सर्वोच्च अदालतले गभर्नर अधिकारीलाई फेरि पदमै फर्काएको थियो । अधिकारी पदमा फर्किएपछि भने तत्कालीन अर्थमन्त्री शर्माको चर्को आलोचना भयो । शर्मा फेरि बजेट निर्माणका क्रममा समेत विवादित बने । करको दर हेरफेर गर्न अवैधानिक व्यक्ति संलग्न गराएको सूचना सार्वजनिक भएपछि शर्मालाई मन्त्री पदबाट हट्न चर्को दबाव पर्‍यो ।

तर एकपछि अर्को विवादमा तानिदा पनि शर्माले राजीनामा दिन अटेर गरे । गठबन्धनकै नेताहरूको बैठक बसेपछि भने शर्माले पदबाट राजीनामा दिएका थिए । राजीनामा नैतिकताका आधारमा भनेपनि टिप्पणी भने नैतिकता गुमाएपछि आएको भन्ने भयो । शर्माले राजीनामा दिएको केही दिन नबित्दै गभर्नर अधिकारीमाथि अर्को नैतिक र कानूनी प्रश्न उठेको छ । गभर्नर कुनै दलको सदस्य हुन नहुने कानून व्यवस्था छ । तर एमालेको अर्थ तथा योजना विभागको सदस्य रहेका एम अधिकारी, खोटाङ गभर्नर अधिकारी नै भएको टिप्पणी भइरहेको छ । एमालेले यसबारे प्रष्ट जवाफ दिएको छैन । गभर्नर अधिकारीले भने आफू त्यो व्यक्ति नभएको तर्क गरेका छन् ।

तर २०७३ मा गभर्नर अधिकारी एमालेको त्यही विभागमा रहेको खुलेको छ । त्यसबेला महाप्रसाद अधिकारी, खोटाङ भनेरै खुलाइएको छ । तर गभर्नर भएपछि भने एम अधिकारी भनी लेखिएको छ । यो तथ्यबारे भने एमालेले केही बोलेको छैन । एमालेले नबोलेपनि गभर्नर अधिकारीमाथि भने नैतिक गम्भीर बनेको छ । किनकि यसअघि उनलाई लगाइएको आरोप पुष्टि हुनेगरी गभर्नर अधिकारीमाथि प्रश्न उठेको छ । सरकारले गभर्नर अधिकारीबाट सहयोग नपाएको आरोप लगाएकोमा अहिले उनी एमाले विभागको सदस्य रहेको प्रमाण बलियो देखिएको छ । राष्ट्र बैंककै नेतृत्व गरिरहेका गभर्नर अधिकारीमाथि यति प्रश्न उठेपछि उनले मार्गप्रशस्त गरिदिनु मुलुक र उनकै निम्ति पनि राम्रो हुने देखिन्छ । तर नैतिक प्रश्नको जवाफ दिन भने कुनैपनि बाध्यकारी हुँदैनन्, त्यसैले अधिकारीले के गर्छन् भन्ने उनीमै भर पर्नेछ ।


# नागरिकता विधेयक र राष्ट्रियता

*नेपालमा २००७ देखि पटक-पटक गरी लाखौं भारतीयलाई नेपाली नागरिकता दिने काम भइसकेको छ । हाल प्रस्तावित नागरिकता विधेयक नेपालीलाई अल्पमतमा पार्ने गरी ल्याउने तयारी भएको देखिन्छ । यसले नेपाललाई फिजीकरण गर्दै सिक्किमीकरण तिर पुर्‍याउने प्रष्ट छ ।*

अग्रलेख



● राजन तिमल्सिना



नागरिकताको सम्बन्धमा वैधानिक कानून-२००४ र नेपालको अन्तरिम शासन विधान-२००७ मा कुनै संवैधानिक व्यवस्था गरिएको थिए । त्यसबखत राज्यले विदेशीहरूलाई नागरिकता नदिने नीति अबलम्बन गरेको थियो । नेपालमा व्यापार-व्यवसाय तथा श्रम गरी बसेका भारतीयहरूलाई नेपाली नागरिकता दिलाइने प्रयास भारतीय शासकले गर्दै आएको थियो । नागरिकता दिलाउन भारतीय सत्ता सफल हुन सकेन । वि.सं. २००७ सालको अस्थिर नेपाली राजनीतिसँगै भारतीयहरूलाई नागरिकता दिलाउन भगिरथ प्रयत्न जारी राखे ।

भारतीयहरुको नेपालमा आफ्नो पकड र प्रभावलाई विस्तार गर्नु थियो । आफ्नो प्रभावलाई दीगो बनाउन भारतीय शासकको दवावमा नागरिकता ऐन-२००९ जारी भयो । ऐन जारी भएपछि नेपालमा जन्मेका विदेशी र उनीहरूका सन्तानले नेपाली नागरिकता सहज रूपमा पाउने व्यवस्था गरियो । यस कानूनमा विदेशीसँग विवाह गर्ने नेपाली महिलाले लोग्नेको मृत्यु वा पारपाचुके पछि नेपाली नागरिकता पाउने व्यवस्था गरियो । यसै कानूनका आधारमा व्यापार-व्यसाय तथा श्रम गरी बसेका भारतीयहरूले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेका थिए । नेपालको संविधान-२०१९ ले नागरिकता सम्बन्धी संवैधानिक व्यवस्था संविधानमा गरेको थियो । यसअघिका संविधानमा नागरिकता सम्बन्धी कुनै प्रावधान थिएन । यो संविधानले नागरिकता सम्बन्धी व्यवस्थालाई संवैधानिकरूपमै मान्यता प्रदान गरेको थियो । संविधान प्रारम्भ हुँदाका बखत अर्थात् २०१९ पौष १ गतेभन्दा अगाडि नेपालमा जन्मी नेपालमा नै स्थायी बसोबास गरेका विदेशीले पनि नेपाली नागरिकता प्राप्त गर्ने व्यवस्था संविधानले गर्‍यो ।

नागरिकता ऐन, २००९ ले विदेशीहरूलाई पनि जन्मको आधारमा नागरिकता दिने ज्यादै खुकुलो व्यवस्था गर्‍यो । नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलालाई समेत नागरिकता प्रदान गर्ने व्यवस्था यस ऐनमा थियो । यस्ती महिलाले कस्तो प्रकृतिको नागरिकता के-के शर्तहरूका आधारमा प्रदान गर्ने भन्ने ऐनमा उल्लेख थिएन । तोकिएको शर्त पुरा गरेको अवस्थामा विदेशीलाई पनि नागरिकता दिन सकिने व्यवस्था राखिएको थियो । यो संविधानमा राष्ट्रहित विपरित विदेशीहरूले सहज रूपमा नेपाली नागरिकता प्रदान गर्ने व्यवस्था भारतीयहरुको दवावमा राखिएको प्रष्ट हुन्छ ।

नेपालको संविधान, २०१९ मा भएका व्यवस्थालाई कार्यान्वयन गर्न नागरिकता ऐन-२०२० जारी गरियो । यो ऐन जारी गर्दा नेपाली राजनीतिको अवस्था परिवर्तन भएको थियो । सन् १९६२ मा चीन र भारतबीच भएको शीतयुद्धले भारतीय सत्ताको दवाव र प्रभाव कम रहन गयो । यो राजनीतिक पृष्ठभूमिमा बनेको ऐनले विदेशी नागरिकले नेपाली नागरिकता प्राप्त गर्नमा नियन्त्रण र व्यवस्थित गरेको थियो । यो ऐनमा नेपाली नागरिकतालाई वंशजको नागरिकता र अंगिकृत नागरिकतामा वर्गीकरण गरिएको थियो । नेपाली नागरिकबाट जन्मेको सन्तान र नेपाल अधिराज्यभित्र फेला परेको बाबुको पत्ता नलागेकोले मात्र वंशजको आधारमा नागरिकता पाउने महत्वपूर्ण प्रावधान राखिएको थियो ।

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी र नेपालमा जन्मेको विदेशी नागरिकको सन्तानले तोकिएका शर्त पुरा गरेमा अंगिकृत नागरिकता पाउने व्यवस्था थियो । यो कानूनी व्यवस्थाले विदेशीले नेपाली नागरिकता पाउनेमा आवश्यक र उपयुक्त नियन्त्रण गरेको थियो । संविधानमा भएको नागरिकतासम्बन्धी खुकुलोपनलाई नियन्त्रण गरी यो कानूनले केही मात्रामा भए पनि राष्ट्रिय हितको संरक्षण गर्ने भूमिका निभाएको थियो । आफ्ना नागरिकलाई नेपाली नागरिकता दिलाउन चाहाने बाह्य शक्ति यो कानूनको विरुद्धमा थिए ।

वि.सं. २०३५/०३६ सालको जनआन्दोलन पछि जनमत संग्रहको घोषणा भयो । देशमा अस्थिर र तरल राजनीतिक अवस्था थियो । यस्तो तरल राजनीतिक अवस्थामा भारतीय सत्तालाई रिझाई सुधारिएको पञ्चायती व्यवस्थालाई जिताउन तत्कालिन प्रधानमन्त्री सूर्यबहादुर थापाका पालामा ठूलो संख्यामा विदेशी नागरिकलाई जनमत संग्रहको मतदाता नामावलीमा समावेश गरियो । देशको नागरिकले मात्र राजनीतिक अधिकार उपयोग गर्न पाउने सिद्धान्त र मान्यता विपरित विदेशी नागरिकले पनि राजनीतिक अधिकार उपयोग गर्न पाउने गरी बनाइएको मतदाता नामावली ज्यादै राष्ट्रघाती थियो । कालान्तरमा यो मतदाता नामावली विदेशीलाई नागरिकता प्रदान गर्ने मुख्य आधार बन्यो । त्यसपछि ठूलो संख्यामा विदेशीहरूले नेपाली नागरिकता प्राप्त गर्ने सिलसिला बन्यो ।

वि.सं. २०४६ सालमा प्रजातन्त्र प्राप्तिका लागि जनआन्दोलन भयो । यो आन्दोलनमा भारतीयहरूको उल्लेखनीय सहयोग र समर्थन रह्यो । जनआन्दोलनपछि बनेको नेपालको संविधान, २०४७ ले संविधान प्रारम्भ हुँदाका अवस्थामा नेपालमा जन्मी स्थायी बसोबास गरेका व्यक्तिले नागरिकता पून पाउने राष्ट्रिय हित विपरीत देशद्रोही प्रावधान संविधानमा समावेश गर्‍यो । २०४७ सालभन्दा अगाडि व्यापार-व्यवसाय तथा श्रम गर्दै नेपालमा बसोबास गर्ने व्यक्तिहरूका सन्तान नेपालमा जन्मेको भए त्यस्ताले जन्मको आधारमा नागरिकता पाउने व्यवस्था निकै खतरनाक थियो ।

*प्रस्तावित विधेयकअनुसार जन्मको आधारमा नागरिकता प्राप्त गर्ने व्यक्तिका पहिलो पुस्ता कै सन्तानले पनि वंशजको आधारमा नागरिकता पाउने छन् । विदेशी आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक मानिने व्यवस्था छ ।*

उक्त संविधानमा बाबु-आमामध्ये एक जना नेपालमा जन्मेको व्यक्तिका सन्तानले पनि नेपाली नागरिकता पाउने व्यवस्थाबाट विदेशीसँग विवाह गर्ने नेपाली महिलाका सन्तानले पनि नागरिकता पाउने घातक व्यवस्था थियो । संविधान प्रारम्भ भएपछि कुनै व्यक्तिको बाबु वा आमा निजको जन्म हुँदा नेपाली नागरिक भएमा वंशजको नागरिकता पाउने व्यवस्थाले अंगिकृत नागरिकका सन्तानले पनि वंशजको नागरिकता पाउने बाटो खोल्यो । २००९ सालको नागरिकता ऐनले जन्मेको आधारमा नागरिकता एक पल्ट प्रदान गरिसकेकोमा पुनः नेपालको संविधान, २०१९ मा जन्मको आधारमा नागरिकता दिने व्यवस्था गरिनु उपयुक्त थिएन । यो प्रावधानलाई यो संविधानमा पुनरावृत्ति गर्नु निकै आपत्तिजनक थियो । पुनः जन्मेको आधारमा नागरिकता प्रदान गर्ने यो संवैधानिक व्यवस्था राष्ट्रिय आवश्यकता भन्दा पनि भारतीय दबाव र प्रभावबाट अभिप्रेरित थियो ।

नेपालको संविधान-२०४७ मा भएको संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नागरिकता ऐन, २०२० लाई २०४८ सालमा पाँचौं संशोधन गर्नुको साथै नेपाली नागरिकता नियमावली, २०४९ पनि जारी गरियो । यो कानूनमा वंशज र अंगिकृत नागरिकताका सम्बन्धमा विशेष व्यवस्था गरियो । कानूनको आधारमा नागरिकता प्रदान गर्ने प्रष्ट व्यवस्था हुँदा हुँदै नागरिकता समस्यालाई उछालेर विदेशीलाई नेपाली नागरिकता प्रदान गर्न २०५१, २०५२ र २०५४ मा धनपति, महन्थ ठाकुर र जितेन्द्र देवको नेतृत्वमा कार्यदल गठन गरियो । भारतीयहरुको प्रभावमा कार्दलले बनाएको प्रतिवेदनका आधारमा नेपाली नागरिकता नियमावली २०४९ मा संशोधन गरी विदेशीहरूलाई नेपाली नागरिकता दिने बाटो खोल्यो ।

नागरिकता ऐन, २०२० (२०४८ साल पाँचौं संशोधन) मा नागरिकता सम्बन्धी व्यवस्था पर्याप्त र प्रभावकारी हुँदाहुँदै भारतीय दवावमा २०६३ साल कार्तिक २२ गते राजनीति सहमतिको आधारमा प्रतिनिधि सभाले २०६३ साल मंसिर १० गते राष्ट्रिय हित विपरितको नागरिकता ऐन-२०६३ जारी गर्‍यो । ऐन जारी भएसँगै तीन जना नेपाली नगरिकको सिफारिसमा लाखौं भारतीयहरू केही तिब्बतीहरुले नेपाली नागरिकता लिन सफल भए । यो कानूनमा नेपालका यसअघिका संविधानहरूमा भन्दा धेरै खकुला प्रावधानहरू थिए । २०४६ सालभन्दा अघि नेपालमा जन्मि नेपालमा नै स्थायी बसोवास गरी आएका व्यक्तिले जन्मको आधारमा नागरिकता प्राप्त गर्ने व्यवस्था यो ऐनमा राखिएको थियो ।

वि.सं. २०६२/०६३ सालको जनआन्दोलन पछि राष्ट्रिय राजनीति अत्यन्तै अस्थिर भएकाले भारतीय शासकको दवाव र प्रभाव बढ्न गयो । भारतीय दबदवा बढीरहेको समयमा अन्तरिम संविधान-२०६३ माघ १ गते जारी भयो । यो संविधानको धारा ८ को उपधारा ८ (५) मा २०४६ साल चैत्र मसान्त सम्म नेपालभित्र जन्म भै स्थायी रूपले बसोबास गर्दै आएको व्यक्तिले प्रचलित कानून बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने प्रावधान राखियो । यसरी पटकपटक भारतीयलाई नागरिकता दिलाउन नयाँ संविधान र ऐनहरुमा सजिलो र खुकुलो प्रावधान राखियो । जसले गर्दा तराई-मधेशमा रैथाने मधेशी समुदायहरू अल्पमतमा पर्ने र आप्रवासी भारतीयहरु बहुमतमा पुग्ने खतरा दिन प्रतिदिन बढिरहेको छ ।

नेपालको संविधान-२०७२ मा नागरिकता सम्बन्धी केही प्रावधान अत्यन्तै राष्ट्रघाती छन् । नेपालको अन्तरिम संविधान-२०६३ र नागरिकता ऐन-२०६३ ले २०४६ साल चैत्र मसान्त अघि नेपालमा जन्मेका विदेशीलाई नेपाली नागरिकता प्रदान गरेका थिए भने नेपालको संविधान-२०७२ ले जन्मका आधारमा विदेशी पहिलो पुस्ताले नै वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने खतरनाक व्यवस्था छ । त्यस्तै गरी आमाको पहिचान भए पछि स्वतः बाबुको पनि पहिचान हुनेमा विदेशी बाबु र नेपाली आमाबाट जन्मेको सन्तानलाई वंशजको नेपाली नागरिकता लिन सक्ने प्रावधान पनि यो संविधानमा राखिएको छ । विदेशीसँग विवाह गरेकी नेपाली महिलाबाट जन्मेका सन्तानले पनि नेपाली नागरिकता प्राप्त गर्ने व्यवस्था यो संविधानमा छ ।

हाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकका प्रावधान यसअघिका संविधान र ऐन भन्दा निकै राष्ट्रघाती खालका छन् । जसअनुसार जन्मको आधारमा नागरिकता प्राप्त गर्ने व्यक्तिका पहिलो पुस्ता कै सन्तानले पनि वंशजको आधारमा नागरिकता पाउने छन् । परापूर्व कालदेखि जसको पुर्खा नेपाली नागरिक छ, उसलाई वंशजको नागरिकता प्रदान गर्नुपर्ने हो । नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक मानिने व्यवस्था छ । यो व्यवस्थाले विदेशी नागरिकसँग विवाह गर्ने नेपाली छोरीहरूका सन्तानले पनि वंशजको आधारमा नागरिकता प्राप्त गर्ने, यसमा भएको व्यवस्था राष्ट्रिय हितको प्रतिकुल छ ।

मुख्यतः तराई-मधेशमा भारतीय नागरिकसँग विवाह गर्ने नेपाली चेलीहरूको संख्या उल्लेखनीय छ । उनीहरूका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने व्यवस्था मुलुकले धान्न सक्दैन । तर, सरकार भारतीयको अनुकुलता हुने गरि नागरिकता ऐन ल्याउन खोजिरहेको छ । राजनैतिक, संवैधानिक, आर्थिक संकटसंगै सामाजिक सांस्कृतिक विचलन पराकाष्ठामा पुगेको छ । नेपालको राष्ट्रिय अस्तित्व इतिहासमै सर्वाधिक गम्भीर संकटमा पुगेको छ । भुटानीकरण, फिजीकरण मार्फत सिक्किमीकरण गर्ने भारतीय योजना बमोजिम नागरकिता ऐन आउदैछ । फिजीलाई भारतले आफ्नो अनुकुल बनाए जस्तै नेपालको अवस्था पनि त्यस्तै देखिन्छ ।

सन् १८७४ मा फिजी बेलायती साम्राज्यको कब्जा पुग्यो । माछा र उखु खेतीको लागि इष्ट इण्डिया कम्पनीमार्फत बेलायतले भारतबाट हजारौं श्रमिकहरु फिजी पुर्‍याएको थियो । सन् १९७० मा बेलायतबाट फिजी मुक्त भयो । बेलायतबाट मुक्त भएपछि भारतीयहरुले कब्जा गरि आफ्नो पञ्जामा लिने रणनीति तय गर्‍यो । सन् १९७७ मा फिजीको अस्थिर राजनीतिको फाईदा उठाउदै भारतले नागरिकता हत्याउने गरि निर्णय गराउन सफल भयो । सन् १९८७ मा भारत परस्त सरकार बन्यो र त्यसले राष्ट्रिय कानुनहरु परिवर्तन गरि ७१ सदस्यीय प्रतिनिधिसभा भएको संसदीय व्यवस्थाको घोषणा गर्‍यो । फिजीमा सन् १९९७ मा भएको आमनिर्वाचनमा भारतीयहरूले ३७ सिट, अन्यले ३ सिट र फिजिसियनहरुले ३१ सिट जिते । संसदीय निर्वाचनका ७१ सिटमध्ये ३१ सिट जित्ने फीजीयालीहरु संविधानतः अल्पमत पर्न बाध्य भए । यसरी भारतीयले जनसंख्या अतिक्रम गरि फिजीको स्वाधीनता र स्वतन्त्रता समाप्त पारे । भारतको हरियाणा राज्यमा जन्मेका महेन्द्र चौधरी प्रधानमन्त्री बन्न सफल भए ।

अन्तमा, नेपालमा ००७, ०१५, ०३६, ०४७, ०६३ र ०७४ साल गरी लाखौं भारतीयलाई नेपाली नागरिकता दिने काम भइसकेको छ । भारतीयहरु वैदेशिक रोजगारी जान नागरिकता आवश्यक हुने हुँदा त्यहाँ आधार कार्ड, र रासन कार्डको मात्रै व्यवस्था भएकाले उनीहरू नेपाली नागरिकता खरिद गरि विदेश जाने गर्दछन् । तराईका जिल्लामा सिडियो भइ काम गर्ने कर्मचारीले नागरिकता बेचेर अकुत सम्पत्ति कमाएका तथ्यहरु सार्वजनिक भएका छन् । हाल संशोधित नागरकता ऐन, नेपालीलाई अल्पमतमा पार्ने गरि ल्याउने तयारी छ । यसले नेपाललाई फिजीकरण गर्दै सिक्किमीकरण तिर पूर्याउने प्रष्ट छ ।

इमेल : rajan2052@gmail.com

## सामाजिक सञ्जाल



**- सञ्जय न्यौपाने**

गगन थापा जी, हिजो केपी ओलीलाई भने जस्तै आज शेरबहादुर देउवालाई "बा तपाईंको शरीरलाई अब आरामको जरूरत छ । आराम गर्नुस्, चिन्ता नलिनुस् । हामी देश र पार्टी चलाउँछौं । तपाईं सल्लाहकार र अभिभावक भएर बस्नुस् । धपेडी नगर्नुस् । अब तपाईं जस्तो बुढो नेतृत्वले देश बन्दैन ।" भनेर भन्न सक्नुहुन्छ ?



**- शैलेन्द्र थापा**

विद्युत अभावमा उदयपुर सिमेन्ट उद्योग बन्द भएछ तर, सरकार भारतलाई दैनिक यति र उति मेगावाट बिजुली बेचिराको छौं भन्दै गमक्क परेको देख्छु । यसरी नै देशभरीको उद्योग कलकारखाना बन्द गराउने बाटोमा लागेको हो सरकार ?



**- कमल पौड्याल**

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी हात धोएर सरकार असफल बनाउन किन लागे भनेको त एमाले ओली समूहको सदस्य पो रहेछन् । ओलीले राष्ट्र श्रीलंकाको बाटोमा गयो भन्दै थिए, चुरो कुरो यही रहेछ । सरकारले छानबिन गरी तत्काल कारबाही गरोस् ।



**- ओमकुमार थापा**

बालेन शाहसँग काठमाडौं महानगरका जनताले परिवर्तनका लागि धेरै नै अपेक्षा गरेका हुन् तर, उनी काम भन्दापनि नेताहरूको दैलो चहारेर फोटो खिच्नमै रमाएका देखिन्छन् । यता, धरानका हर्क साम्पाङ जनताका स-साना काममा भए पनि नतिजा देखिने गरी लागेका छन् । स्वतन्त्र भएपनि बालेन र हर्कमा फरक रहेछ है ।



**- प्रेम घर्ती मगर**

आर्थिक लाभ पाइने अवस्थामा चीन सबैभन्दा अगाडि देखापर्छ । तर, सहयोग गर्नुपर्ने वा समस्या समाधान गर्नुपर्ने अवस्थामा चीन पछाडि देखिन्छ । श्रीलंकालाई सहयोग आवश्यक भएको बेला चीन कतै देखा परेन । श्रीलंकामा समस्या देखिँदा जसरी चीनले आफ्नो हात झिक्यो यसबाट अरू देशहरूले पनि पाठ सिक्नुपर्छ ।

# मधेशको राजनीति र जनअपेक्षा

विचार



● जयप्रकाश गुप्ता

मधेस सरकारले पाँच वर्षे कार्यकाल पुरा गर्दैछ । एक मधेसी दलले सधैँ अर्काको अस्तित्वलाई चुनौति दिइरहँदा पनि मिलेरै शासन हत्याएका दुई मधेसी पार्टी अहिले ४/५ वटामा टुक्रिएका छन् । यसअघि १२/१४ टुक्रा मिलेर यिनीहरू दुई वटा भएका थिए ।

आफू स्वयम् र सहकर्मीहरूले बनाएको माओवादीलाई "कछुवाको गतिमा हिँडिरहेको" आरोप लगाएका डा. बाबुराम भट्टराईले जसपामा "भ्यागुतो उफ्र्याई" को सम्भावना देखेका थिए । कुन पार्टीमा जाँदै छु, यसको हेक्का डा. साहेबले राख्नु भएन । जनयुद्ध ताका भारतको दिल्लीमा सुरेश आले मगर, मातृका यादव र उपेन्द्र यादव पक्रिएका थिए । आले मगर र मातृकालाई भारतीय पुलिसले नेपाललाई हस्तान्तरण गर्‍यो, जबकी उपेन्द्रलाई केही दिन दिल्ली मै राखेर पछि रिहा गरिएको थियो । पक्राउ गरिएको स्थानमा केही बेरपछि प्रचण्डको पनि आउने कार्यक्रम थियो । यस घटनालाई माओवादीले ठूलो षडयन्त्र देख्यो । उपेन्द्रलाई अपराधी मान्यो । यस घटनाको छानबिन गर्न माओवादी हेडक्वार्टरले डा. बाबुराम भट्टराईको नेतृत्वमा समिति नै बनायो । यस समितिले उपेन्द्रलाई भारतीय 'रअ' को योजनामा काम गर्ने घुसपैठिया ठहर गरी मृत्यदण्ड दिने निर्णय गरेको थियो । तर, समय बदलियो, यही उपेन्द्र नेतृत्वको जसपामा डा. साहेब "भ्यागुतोको उफ्र्याई हुनसक्ने" देख्नु भयो । डा. साहेबले बिर्सनु भयो 'पानी खानु मूलको !'

जे होस् डा. साहेब छुट्टिने तिर लाग्नु भयो, भलो गर्नु भयो । अब नयाँ सोचका साथ भरपर्दो गठबन्धन वा सहकार्य कायम गर्नु होस् । जे होस, एकले अर्काको प्रतिरक्षा गर्दै उपेन्द्रहरू सत्तामा अविच्छिन्न् रहेको पाँच वर्ष हुँदैछ । यस ५ वर्षको इमानदार मूल्यांकन हुनु पर्दछ । मधेसमा के प्रगति भयो, सुचकांकहरूले बोल्नु पर्दछ ।

*प्रदेशगत जिडिपीमा मधेस प्रदेश सबैभन्दा तल छ । सबैभन्दा बढी बागमती प्रदेशमा ६.७४ प्रतिशत हुँदा मधेस प्रदेशको सबैभन्दा कम ४.८२ प्रतिशत रहेको छ । यो अवधिमा सातै प्रदेशको तुलनामा मधेस प्रदेशका एउटा पनि जिल्ला पूर्ण साक्षर हुन सकेन । सबै प्रदेशमध्ये सबभन्दा बढी जनप्रतिनिधी उपर यही भ्रष्टाचारको मुद्दा दर्ता भएको छ ।*

यस अवधिमा, यता प्रदेशगत जिडिपीमा मधेस प्रदेश सबैभन्दा तल छ । सबैभन्दा बढी बागमती प्रदेश ६.७४ प्रतिशत जब कि मधेस प्रदेशको सबैभन्दा कम ४.८२ प्रतिशत रह्यो । सातै प्रदेशको तुलनामा मधेस प्रदेशका एउटा पनि जिल्ला पूर्ण साक्षर हुन सकेन । सबै प्रदेशमध्ये सबभन्दा बढी जनप्रतिनिधी उपर यही भ्रष्टाचारको मुद्दा दर्ता भएको छ ।

यस आ.ब.मा सबभन्दा कम विकास खर्च मधेस प्रदेश कै छ । अख्तियार मुख्यमन्त्रीको भान्सा कोठामा छिरेको पनि यहीं हो । यी सबै कृत्यलाई रोक्ने निकाय 'जन लोकपाल' सातवटै प्रदेश मध्ये यहीं मात्र छ । सार्वजनिक जीवनमा भने यस निकायको कुनै गतिविधी देखिन्न् । सायद, मधेसको यो लोकपालले आफ्ना पोषकहरूको फायलहरूलाई तामेलीमा राखेर सेवा पुर्‍याई रहेको होला । यस्तो अवस्था छ मधेसको । चरित्रमा कालो पोतिएको छ । तर, यिनकै कुर्ता पाईजामा सब भन्दा बढी "टिनोपालबाला सफेदी" देखिन्छ । यहाँका नेताहरू मसिहा भैरहेकै छन्, जनताबाट कुनै प्रश्न छैन ।

जनकपुरका बासीहरू गोर्खाली भएका छन् । गोर्खालीसँग आधारभूत रूपमा तीन कुरा जोडिएर आएको इतिहास छ : १) खस राज्य, २) नेपाली भाषा र खस भेष अनि ३) हिन्दू धर्म । मधेसमा, मधेस आन्दोलनको राप तापमा खस आर्यका जस्तै एक जातीय गठबन्धनको बर्चस्व भएकाहरूको शासन छ । हाल मधेसबाट यसलाई ठूलो चुनौति देखिन्न् । जनकपुरका नयाँ गोर्खालीहरू समग्रमा मधेसको आर्थिक उत्थानको साटो भावनात्मक बजारीकरणमा बढी व्यस्त छन् । औपचारिक समारोहहरूमा भाषामा "मैथिली" र भेषमा "पाक"को प्रयोगलाई बढावा दिएर अह्लादित भै जनकपुर पुरै बौलाएको छ । मैथिली भाषाप्रति मधेसी सत्ताको रणनीतिक उपयोगबाट जनक र शिवचौक स्वभावतः खुशी छ । हिन्दू धर्मका बारेमा केही भनिरहनु परेन । यस परिदृश्यको आलोकमा आजको जनकपुरले मधेसको खोजीलाई बलात् रोकेको छ । थोरै अवसरवादीहरूको स्वार्थको समागमले मूल बहसलाई विषयान्तर गरेको छ । मूल बहस विकास र प्रगतिको तथ्यमा आधारित हुनुको साटो अरू वैगुणीहरूको प्रायोजनमा केन्द्रीत भएको छ । बहस र मन्थन होस त धरातलीय जरूरतमा होस् !

श्रीलंकामा संकटकाल घोषणा

# राष्ट्रपति देश छाडेर भागे प्रधानमन्त्री बने कार्यवाहक राष्ट्रपति



**काठमाडौं/एजेन्सी–** श्रीलंकाका राष्ट्रपति गोटाबाया राजापाक्ष बुधबार देश छाडेर भागेका छन् । उनी देश छाडेर बुधबार माल्दिभ्स पुगेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । माल्दिभियाली सञ्चारमाध्यमलाई उद्धृत गर्दै राष्ट्रपति गोटाबाया राजापाक्ष आफ्नी पत्नी र एक अंगरक्षकसँग एन्टोनोभ-३२ सैन्य विमानमा माल्दिभ्स पुगेको प्रधानमन्त्रीको कार्यालय स्रोतलाई उद्धृत गरी स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। राजपाक्षले सोमबार आफ्नो राजीनामा पत्रमा हस्ताक्षर गरेका थिए। श्रीलंकाका प्रधानमन्त्री रनिल विक्रमसिङ्घलाई कार्यवाहक राष्ट्रपतिमा नियुक्त गरिएको संसद्का सभामुखले बताएका छन् । संविधानको धारा ३७ को १ अन्तर्गत राष्ट्रपति गोटाबय राजपक्षले उनलाई नियुक्त गरेको जानकारी आफूलाई गराएको ती अधिकारीले बताएका छन्। यसबारे राजपक्ष आफैंले कुनै सार्वजनिक घोषणा गरेका छैनन् ।

यसैबीच श्रीलंकाका प्रधानमन्त्री रानिल विक्रमसिङ्घेले बुधबार आपत्कालीन अवस्थाको घोषणा गरेका छन् । माल्दिभ्समा राष्ट्रपति गोटाबाया राजपाक्ष गएको खबरपछि सम्भावित हिंसात्मक गतिविधिलाई मध्यनजर गर्दै देशको पश्चिमी प्रान्तमा कर्फ्यू लगाइएको छ । प्रधानमन्त्री विक्रमसिङ्घेको निवासबाहिर तैनाथ सुरक्षाकर्मीहरुले अश्रु ग्यास प्रयोग गरी प्रदर्शनकारीलाई तितरवितर पारेको समाचारहरूमा जनाइएको छ । विक्रमसिङ्घेले दङ्गा मच्चाउनेहरूलाई गिरफ्तार गर्ने ठाडो आदेश पनि दिनुभएको श्रीलंकाको डेली मिरर पत्रिकाले जनाएको छ।

श्रीलंकाको विदेश मन्त्रालयका एक पूर्व सल्लाहाकारले भने, 'हामी प्रधानमन्त्रीको पनि राजीनामा चाहन्छौं किनकि राष्ट्रपतिले राजीनामा दिएमा हाम्रो संविधानअनुसार प्रधानमन्त्री कार्यवाहक राष्ट्रपति बन्ने छन् । नागरिकले उनीहरू दुवै असफल भएको देखिसकेका छन् । उनीहरू दुबै पदच्युत हुनुको विकल्प छैन ।'

बुधबार नै प्रदर्शनकारीहरू प्रधानमन्त्री कार्यालयको गेटबाट बलपूर्वक प्रवेश गरी नाराबाजी गरेका छन् । उनीहरूले श्रीलंकाको सङ्कट समाधान गर्न वर्तमान सरकारले नसकेको भन्दै यसको विकल्प आफूहरूले खोजेको बताएका छन् ।


## हाजिर हुन आउनेबारे अत्यन्त जरूरी सुचना

(प्रथम पटक प्रकाशित २०७९/०३/३०)



यस क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. क्षेत्रपाटी काठमाडौंको तपाई प्रमुख व्यवस्थापक पदमा कार्यरत श्री दिनेश पौडेल मिति २०७९/०३/१२ गतेबाट यस संस्थामा विना सूचना विदा समेत स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रही सम्पर्क विहिन रहेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र चित्त बुझ्दो आधार र कारण सहित संस्थामा हाजिर हुन वा सम्पर्कमा आउनुहोला अन्यथा संस्थाको नियम तथा निर्णय बमोजिम तपाई उपर कारवाही भै जाने व्यहोरा समेत सुचित गराइन्छ ।

**क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
क्षेत्रपाटी काठमाडौं

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०६/०२ मा दर्ता भएको **प्रा.लि. नं. १९९०८६** को **फोकस कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/३०

यस कम्पनीको मिति २०७८/१२/१४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बमोजिम साबिक कम्पनी **अग्रणी एग्रो टेक प्रा.लि. (प्रा.लि. नं. ८५९७०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१२/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **नेपाल ईन्स्टिच्युट अफ एग्रीकल्चर साईन्स एण्ड टेक्नोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/३०

यस कम्पनीको मिति २०७९/०३/२२ मा सम्पन्न विशेष साधारण सभाको बमोजिम साबिक कम्पनी **मेरो जब डट कम प्रा.लि. (प्रा.लि. नं. ६८३१५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/२८ को निर्णयानुसार कम्पनीको नाम परिबर्तन गरी **मेरो जब प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## यूएईमा रोजगार

कम्पनी : AL MASAR AL MONHADER CLEANING SERVICES — शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०२/२३ | चलानी नं.: ६०१८०४५० | LT. No.: 264344 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८६,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Accountant Manager | 1 | 0 | | 5000 | १,७२,९५० | | | | | | | |
| 3. | Cleaner | 1 | 1 | | 1000 | ३४,५९० | | | | | | | |
| 4. | Cleaning Supervisor | 1 | 0 | | 1000 | ३४,५९० | | | | | | | |
| 5. | Director | 1 | 0 | | 5000 | १,७२,९५० | | | | | | | |
| 6. | Follow Up Manager | 0 | 1 | | 2500 | ८६,४७५ | | | | | | | |
| 7. | Marketing Manager | 1 | 0 | | 5000 | १,७२,९५० | | | | | | | |
| 8. | Project Manager | 2 | 0 | | 5000 | १,७२,९५० | | | | | | | |
| 9. | Window Cleaner | 1 | 0 | | 1000 | ३४,५९० | | | | | | | |

२. कम्पनी : AL SAMER GENERAL CLEANING — शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०२/०३ | चलानी नं.: ६०१७९४५९ | LT. No.: 263294 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 17 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Worker | 0 | 2 | | 1000 | ३४,५९० | | | | | | | |
| 3. | Purchasing Representative | 0 | 2 | | 2000 | ६९,१८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ५ गते (21 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोनः ४४८८१३६ | Email- bluemoonoverseas312@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : SK FROZEN FOOD IMPORT & EXPORT SDN.BHD. — शहर : Selangor

पुर्व स्वीकृत मितिः २०७९/०३/२९ | चलानी नं.: ६०१८३१७२ | L.T. No.: 267295

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 13 | 2 | स. काममा दक्ष | 1500 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ५ गते (21 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Empower Human Resources Management Pvt. Ltd** — Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com
Mobile No. 9828922999, 9801402996, 9851190570, 9849660515, 9801625801, 9860700057, 9819063243, 9818328105, 9814048923

## कतारमा रोजगारको अवसर

१. कम्पनीः Petroserv Limited — शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७७/०८/२८ | चलानी नं.: ६०१५३८३४ | LT. No.: 235447 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४५,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 7 | 0 | | 1500 | ५१,९४५ | | | | | | | |

२. कम्पनीः GHROUP CLEANING — शहरः Doha

पुर्व स्वीकृत मितिः २०७९/०१/०७ | चलानी नं.: ६०१७८१६३ | LT. No.: 261893 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 62 | 0 | स. काममा दक्ष | 1000 | ३४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः LUZAN CLEANING & MAINTENANCE — शहरः Doha

पुर्व स्वीकृत मितिः २०७८/०७/२५ | चलानी नं.: ६०१६७१९९ | LT. No.: 250047 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 1 | 15 | स. काममा दक्ष | 1000 | ३४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ५ गते (21 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं. १ को रु. १०,०००/– अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

## मलेसियामा रोजगार

कम्पनी : QUBE MEDICAL PRODUCTS SDN BHD — शहरः JALAN

पूर्व स्वीकृत मितिः २०७९/०३/२९ | चलानी नं.: ६०१८३१८८० | LT. No.: 267346

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ५ गते (21 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.** — ISO 9001 : 2015
Govt. Lic. No.: 821/066/067
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## KUWAIT मा रोजगार

कम्पनीः AMSTERDAM CO FOR DELIVERY OF CONSUMER ORDERS — शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१२/१५ | चलानी नं.: ६०१७६९१९ | LT. No.: 260373 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DRIVER / BIKE RIDER | 26 | 0 | स. काममा दक्ष | 140 | ५७,७२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ५ गते (21 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**GOLD OVERSEAS PVT. LTD.** — Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

## मलेसियामा रोजगारको अवसर

कम्पनीः QL ANSAN POULTRY FARM SDN BHD — शहरः SELENGOR

पूर्व स्वीकृत मितिः २०७९/०३/२९ | चलानी नं.: ६०१८३१८६ | LT. No.: 267297

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १५ गते (31 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मिथिला मेनपावर सर्भिसेस् प्रा. लि.**
श्रम इजाजत नं. ९२०/०६७/०६८
कालिमाटीडोल, एयरपोर्ट (मेनपावर बजार) काठमाडौं, Website: mtlgroup.com.np
फोनः ४४९११०४, फ्याक्सः ४४९४९८६, Email: mithila.menpower@gmail.com
९८०१०२९३८९, ९८०१०२९३७३, ९८०२०७६३३६, ९८४१३१६३१५, ९८०१०२९३७१

## मलेसियामा रोजगार

कम्पनी : RIWAJAYA CORPORATION SDN. BHD. — शहर : PENANG

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ | चलानी नं.: ६०१८३१३२ | LT. No.:267179

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ४ गते (20 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– कामदारले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**क्याराभान इम्प्लोइमेन्ट प्रा. लि.** — श्रम इजाजत नं. ३६३/०५९/०६०
बसुन्धारा, काठमाडौं, फोनः ०१-४०१६९९१, ४०१६९९२
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com

## कतारमा रोजगारको अवसर

कम्पनीः YELLOW TECH TRADING & CONTRACTING CO.WLL — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१२/२४ | चलानी नं.: ६०१७७४७१ | LT. No.: 261102 | पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Grocer | 2 | 0 | | 1100 | ३८,०९३ | | | | | | | |
| 3. | Labourer | 11 | 0 | | 1000 | ३४,६३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ५ गते (21 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

